मिति २०७९ साल असार महिना २३ गते बिहीबारका दिन अपरान्ह ५.०० बजे श्रीमान प्रमुख जिल्ला अधिकारी रविन्द्रप्रसाद आचार्य ज्यूको अध्यक्षतामा मालपोत ऐन, २०३४ तथा नियमावली, २०३६ को नियम ५ उपनियम (ख) बमोजिम आ.व. २०७९/०८० का लागि मालपोत कार्यालय, चामे, मनाङको कार्यक्षेत्र भित्रको जग्गा रजिष्ट्रेशन प्रयोजनका लागि न्यूनतम मूल्याङ्कन समितिको बैठकमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरुको उपस्थितिमा मालपोत कार्यालयबाट प्रस्तुत निम्न प्रस्ताव माथि छलफल भै तपसिल अनुसारको न्यूनतम मुल्याङ्कन कायम गरी मिति २०७९ साल साउन १ गते देखि लागु गर्ने निर्णय गरियो ।

**उपस्थितिः**

| | |
|---|---|
| श्री रविन्द्र आचार्य, | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, मनाङ, अध्यक्ष |
| श्री दिपेन्द्रबहादुर ढुङगाल, | कार्यालय प्रमुख, नापी कार्यालय, मनाङ, सदस्य |
| श्री सालिकराम सापकोटा | कोष नियन्त्रक, को.ले. नि. कार्यालय, मनाङ, सदस्य |
| श्री रिजेश उपरकोटी | जिल्ला समन्वय समितिको कार्यालय, मनाङ, प्रतिनिधी सदस्य |
| श्री विश्वमणी पौडेल | प्रवन्धक, नेपाल बैंक लि. मनाङ, सदस्य |
| श्री सन्तोष श्रेष्ठ | प्रतिनिधि उद्योग वाणिज्य संघ, मनाङ, सदस्य |
| श्री बसन्तबहादुर जी.सी. | कार्यालय प्रमुख, मालपोत कार्यालय, मनाङ, सदस्य-सचिव |

**आमन्त्रित सदस्यः**

| | |
|---|---|
| श्री लोकेन्द्र बहादुर घले | अध्यक्ष, चामे गाँउपालिका, चामे, मनाङ |
| श्री कान्छा घले | अध्यक्ष, डिस्याङ गाँउपालिकाको, कार्यालय, मनाङ |
| श्री धनबहादुर गुरुङ | अध्यक्ष, नासों गाँउपालिकाको कार्यालय, मनाङ |
| श्री कुन्जो तेन्जिङ लामा | अध्यक्ष, नार्पाभूमी गाँउपालिकाको कार्यालय, मनाङ |
| श्री तारादत्त बढु | श्रेस्तदार जिल्ला अदालत, चामे, मनाङ |
| श्री प्रेम सागर के.सी. | प्र.ना.उ., जिल्ला प्रहरी कार्यालय, मनाङ |
| श्री अर्जुन पौडेल | स.प्र.ना.उ., सशस्त्र प्रहरी बल नेपाल, न. ३२ गुल्म, हेक्वा, मनाङ |
| श्री बिष्णु प्रसाद ढुङगाना | स.प्र.जि.अ, जिल्ला प्रशासन कार्यालय, मनाङ |
| श्री गणेश न्यौपाने | नायब सुब्बा, जिल्ला प्रशासन कार्यालय, मनाङ |
| श्री गिता मिजार | नायब सुब्बा, मालपोत कार्यालय, मनाङ |
| श्री प्रितम कुमारी राना | को.लि.नि.का. कार्यालय, चामे, मनाङ |
| श्री पहलसिह थापा | को.लि.नि.का. कार्यालय, चामे, मनाङ |
| श्री हुम बहादुर घर्ति | को.लि.नि.का. कार्यालय, चामे, मनाङ |
| श्री बिष्णु कुमारी गुरुङ | स.क.अ. मालपोत कार्यालय, मनाङ |
| श्री बले काजिम मगर | का.स. मालपोत कार्यालय, मनाङ |
| श्री महालक्ष्मी राई | का.स. मालपोत कार्यालय- मनाङ |

प्रस्ताव तथा निर्णयः-

निर्णय नं. १

मालपोत कार्यालय चामे, मनाङ २०४७

| सि.नं. | गा. वि. स. वडाहरु | बाटोले नछोएको जग्गाको | | बाटोले छोएको जग्गाको | | | |
|---|---|---|---|---|---|---|---|
| | | चाहार | पाँचौ | गोरेटो बाटो | | मूल मोटरबाटो | सहायक मोटरबाटो |
| | | | | चाहार | पाँचौं | | |
| १ | चामे १-४ हाल चामे गा.पा. वडा नं.१ र २ | १,५०,०००।- | १,२५,०००।- | ३,००,०००।- | २,७५,०००।- | १५,००,०००।- | ११,००,०००।- |
| २ | चामे ५-९ हाल चामे गा.पा. वडा नं.३,४ र ५ | १,७५,०००।- | १,५०,०००।- | ३,५०,०००।- | ३,००,०००।- | १९,००,०००।- | १५,००,०००।- |
| ३ | धारापानी १- ९ हाल नाँसो गा.पा वडा नं. १,२,३ र ४ | १,००,०००।- | ८०,०००।- | २,५०,०००।- | १,५०,०००।- | १२,५०,०००।- | ७,००,०००।- |
| ४ | थोचे १-९ हाल नासों गा.पा वडा नं. ५,६ र ७ | १,००,०००।- | ८०,०००।-- | २,५०,०००।- | १,५०,०००।- | - | ७,००,०००।- |
| ५ | ताचै बगरछाप १-९ हाल नासों गा.पा. वडा नं. ८ र ९ | १,००,०००।- | ८०,०००।- | २,५०,०००।- | १,५०,०००।- | १२,००,०००।- | ७,००,०००।- |
| ६ | पिसाङ १-९ हाल मनाङ डिस्याङ गा.पा वडा नं. १ | १,००,०००।- | ७०,०००।- | १,२५,०००।- | ८०,०००।- | १२,००,०००।- | ७,००,०००।- |
| ७ | घ्यारु /डावल १-५ हाल मनाङ डिस्याङ गा.पा. वडा नं.२ | ८०,०००।- | ६०,०००।- | १,००,०००।- | ७०,०००।- | - | ५,००,०००।- |
| ८ | घ्यारु /डावल ६- ९ हाल मनाङ डिस्याङ गा.पा. वडा नं.३ | ८०,०००।- | ६०,०००।- | १,००,०००।- | ७०,०००।- | - | ५,००,०००।- |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | मनाङ -९ हाल मनाङ डिस्याङ गा.पा.वडा नं. ४ | १,५०,०००।- | १,२५,०००।- | १,७५,०००।- | १,५०,०००।- | १२,००,०००।- | ७,००,०००।- |
| १० | भ्राका १-९ हाल मनाङ डिस्याङ गा.पा. वडा नं.५ | १,००,०००।- | ७०,०००।- | १,२५,०००।- | ८०,०००।- | १२,००,०००।- | ७,००,०००।- |
| ११ | मनाङ १-८ हाल मनाङ डिस्याङ गा.पा.वडा नं. ६ | १,५०,०००।- | १,२५,०००।- | १,७५,०००।- | १,५०,०००।- | १२,००,०००।- | ७,००,०००।- |
| १२ | टंकी मनाङ १-९ ल मनाङ डिस्याङ गा.पा. वडा नं. ७ र ८ | ९०,०००।- | ७०,०००।- | १,२५,०००।- | ८०,०००।- | ७,००,०००।- | ५,००,०००।- |
| १३ | खाङसार १-९ हाल मनाङ डिस्याङ गा.पा. वडा नं. ९ | ७०,०००।- | ६०,०००।- | ८०,०००।- | ८०,०००।- | ५,००,०००।- | ४,००,०००।- |
| १४ | नार १-९ हाल नार्पभूमि गा.पा. वडा नं. १,२ र ३ | ४०,०००।- | ३०,०००।- | ६०,०००।- | ५०,०००।- | - | - |
| १५ | फु १-९ हाल नार्पभूमि गा.पा. वडा नं. ४ र ५ | ४०,०००।- | ३०,०००।- | ६०,०००।- | ५०,०००।- | - | - |

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय
चामे, मनाङ
२०४७

__निर्णय नं. २__

क) पक्की घर ३ तला भन्दा माथीको रु. १९,००,०००/- उन्नाईस लाख (घटीमा ०-८-०-० सम्म क्षेत्रफलमा निर्माण भएको)

ख) पक्की घर ३ तलाको रु १६,००,०००/- रु सोह्र लाख (घटीमा ०-८-०-० सम्म क्षेत्रफलमा निर्माण भएको)

ग) पक्की घर २ तलाको रु १२,००,०००/- रु बाह्र लाख (घटीमा ०-८-०-० सम्म क्षेत्रफलमा निर्माण भएको)

घ) पक्की घर १ तलाको रु ९,००,०००/- रु नो लाख (घटीमा ०-८-०-० सम्म क्षेत्रफलमा निर्माण भएको)

ङ) कच्ची घरको रु २,५०,०००/- रु दुई लाख पचास हजार (घटीमा ०-८-०-० सम्म क्षेत्रफलमा निर्माण भएको)

__निर्णय नं. ३__

मालपोत कार्यालयमा लिखत रजिष्ट्रेशनका लागि कागजात पेश हुँदा बेसिशहर चामे सडक र चामे मनाङ सडकसँग जोडिएका कित्ता जग्गाहरुलाई मूल मोटर बाटोले छोएको र मूल मोटर बाटोबाट सहायक मोटर बाटो गएको कित्ता सँग जोडिएका जग्गाहरुलाई सहायक मोटर बाटोसँग जोडिएको साथै घर भए/नभएको, घर भएमा घरको प्रकार र न्युनतम मूल्यमा नघट्ने गरी घरको मूल्य समेत उल्लेख हुने गरी घर/बाटो सिफारिस गरिदिन सबै गाँउपालिकाहरुलाई जानकारी गराउने निर्णय गरियो ।

__निर्णय नं. ४__

गाँउपालिका/वडा कार्यालयबाट सिफारिस भै आएको घर/बाटोको सम्बन्धमा लिखत पारित हुनु अगावै कुनै सूचना द्वारा सिफारिस बेमनासिव छ भन्ने सिकायत प्राप्त भएमा कार्यालयबाट नापी कार्यालयका प्राविधिक कर्मचारी समेतको सहयोगमा फिल्ड निरिक्षण गरी मूल्याङ्कन कायम गर्न निर्णय गरियो ।

__निर्णय नं. ५__

लिखतमा घर नखुलाई लिखत पारित हुन गएमा पछि घर थियो भनी मालपोत कार्यालयमा दाबी गर्न पाईने छैन । लिखतमा घर छिपाई पारित भएको ठहरेमा सम्वन्धीत पक्ष धनीबाट घरको मूल्याङकन अनुसारको राजस्व आर्थिक ऐनले तोकेको थप जरीवाना र घर कायमको दस्तुर समेत असुल गरी घर कायम गरिने निर्णय गरियो ।

__निर्णय नं. ६__

गाँउपालिका/वडा कार्यालयबाट प्राप्त हुने घर/बाटोको सिफारिसमा राजकुलो, खहरे, खोला, बाटो उल्लेख भई आएमा गोरेटो बाटो सरहको मूल्याङ्कन कायम गरिने छ ।

__निर्णय नं. ७__

एउटै कित्ताबाट कित्ताकाट भई विभिन्न कित्ता कायम गरि खरिद विक्रि गर्दा मुल कित्ताको मूल्याङ्कनलाई आधार लिई सोहीअनुसार मुल्याङ्कन कायम गरिने निर्णय गरियो।

__निर्णय नं. ८__

गाँउपालिका/वडा कार्यालयबाट प्राप्त हुने घर/बाटोको सिफारिसमा राजस्व असुलिसँग सरोकार राख्ने हुँदा सम्वन्धित निकायबाट प्राप्त सिफारिसमा घर/बाटोको व्यहोरा फरक पर्न गई नेपाल सरकारलाई प्राप्त हुने राजस्व कम हुन गएमा कानून बमोजिम हुने साथै सम्वन्धित सिफारिस कर्ता एवं घर/जग्गा लिने र दिनेहरु जिम्मेवार र जवाफदेही हुनु पर्ने छ भनि निर्णय गरियो ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय

चामे, मनाङ

☎ : ०६६-४४०११५
Email : manang@dolma.gov.np

प. स. :- २०७८/०७९ मिति- २०७९/०३/२४

चलानी न. :- २०५

बिषय :- न्युनतम मूल्याङकन निर्णय सम्बन्धमा ।

श्री भूमिव्यवस्थापन तथा अभिलेख विभाग,
बबरमहल, काठमाण्डौ ।

उपरोक्त सम्बन्धमा यस कार्यालयले मालपोत ऐन २०३४, तथा नियमावली २०३६, को नियम ५ को उप-नियम (ख) बमोजिम आ. व. २०७८/०८० को लागि मिति २०७९/०३/२३ मा बसेको न्यूनतम मूल्य निर्धारण समितिको बैठकको निर्णय प्रतिलिपी पाना (४) चार यसै पत्र साथ सम्लग्न राखि पठाएको व्यहोरा अनुरोध छ ।

२०७९/३/२४

(बसन्तबहादुर जि.सी.)

कार्यालय प्रमुख

कार्यालय प्रमुख